पाठ ३८

१. जब इस्रेलीहरूलाई पिउनको लागि पानी थिएन के तिनीहरूले परमेश्वरले तिनीहरूलाई पानी दिनुहुन्छ भनी विश्वास गरे ?
- गरेनन् ।

२. जब तिनीहरूलाई पिउनको लागि पानी थिएन इस्रेलीहरूले के गर्नुपर्थ्यो ?
- तिनीहरूले परमेश्वरसँग पिउनको लागि पानी माग्नुपर्थ्यो ।

३. पानी पाउनको लागि के गर्नुपर्छ भनी मोसालाई परमेश्वरले भन्नुभयो ?
- परमेश्वरले पानी पाउन मोसाले पत्थरलाई भन्नुपर्छ भन्नुभयो ।

४. किनभने मोसा र हारूनले पत्थरमा हिर्काए तर तिनीहरूले त पत्थरसँग पानी माग्नुपर्ने थियो त्यसो गरेकोमा के परमेश्वरले तिनीहरूलाई दण्ड दिनुभयो?
- दिनुभयो ।

५. परमेश्वरले मोसा र हारूनलाई कसरी दण्डित गर्नुभयो ?
- परमेश्वरले तिनीहरू दुईजना कनानको भूमिमा जान पाउनेछैनन् भन्नुभयो ।

६. किनभने इस्रेलीहरूले लगातार गनगन गरिरहे त्यसपछि परमेश्वरले तिनीहरूलाई के गर्नुभयो ?
- परमेश्वरले इस्रेलीहरूको माझमा धेरै विषालु सर्पहरू छोडिदिनुभयो र तिनीहरूमध्ये धेरै जना मरे ।

७. पाप कसरी यी सर्पहरूजस्तै छ ?
- सर्पले इस्रेलीहरूलाई टोकेर तिनीहरू मरेजस्तै पापले धेरै मानिसलाई टोक्छ र तिनीहरू मर्छन् ।

८. इस्रेलीहरूलाई बचाउन मोसालाई परमेश्वरले के गर्न भन्नुभयो ?
- काँसाको सर्प बनाउन र त्यसलाई एउटा खाँबोको टुप्पोमा राख्न भन्नुभयो ।

९. यदि इस्रेलीहरूलाई मृत्युबाट बाँच्नुथियो भने तिनीहरूले के गर्नै पर्थ्यो ?
- खाँबोको टुप्पामा राखिएको काँसाको सर्प हेर्नुपर्थ्यो ।

१०. सर्पले टोकेको इस्रेली खाँबाको टुप्पोमा राखिएको काँसाको सर्प हेरेपछि बाँच्यो त ?
- बाँच्यो ।

११. के काँसाको सर्पमा इज्रेलीहरूलाई बचाउने कुनै शक्ति थियो ?
- थिएन ।

१२. कसमा मात्रै इज्रेलीहरूलाई बचाउन शक्ति थियो ?
- परमेश्वरमा ।

१३. के इज्रेलीहरूको पाप मृत्युको बोलावट थियो ।
- थियो ।

१४. यद्यपि इज्रेलीहरूको पाप मृत्युको बोलावट थियो तर पनि जजसले काँसाको सर्प हेरे तिनीहरूलाई परमेश्वरले के गर्नुभयो ।
- तिनीहरूलाई परमेश्वरले बचाउनुभयो ।

- किनभने इज्रेलीहरूले परमेश्वरमा विश्वास गरेनन् त्यसैले तिनीहरू कनानमा प्रवेश गर्न सक्षम थिएनन् ।

- किनभने इज्रेलीहरूले परमेश्वरमा विश्वास गरेनन् त्यसैले तिनीहरूमध्येका वयस्क इज्रेलीहरू नमरुन्जेलसम्म तिनीहरू मरुभूमिमा भौंतारिइरहे ।

- परमेश्वरले इज्रेलीहरूलाई किन सजाय दिनुभयो ?

- किनभने तिनीहरूले तिनीहरूका निम्ति मोसाले ल्याएको परमेश्वरको वचनमा विश्वास गर्न इन्कार गरे ।

- इज्रेलीहरूको लागि मोसाले परमेश्वरको वचन ल्याएजस्तै मैले तपाईंहरूको निम्ति परमेश्वरको वचन ल्याइरहेको छु ।

- यदि तपाईंहरू पनि इज्रेलीहरूजस्तै हुनुभयो र परमेश्वरको वचनमा विश्वास गर्न इन्कार गर्नुभयो भने उहाहँले इज्रेलीहरूलाई दण्ड दिएजसरी तपाईंहरूलाई पनि दण्डित गर्नुहुनेछ ।

- ४० कटेका र सबै बूढाहरू मरे त्यसपछि परमेश्वरले फेरि इज्रेलीहरूलाई कनानको सीमानातिर अगुवाइ गर्नुभयो ।

- किनभने मोसाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे त्यसैले परमेश्वरले मोसालाई इज्रेलीहरूलाई कनानतिर अगुवाइ गर्न अनुमति दिनुभएन ।

- किनभने परमेश्वरले मोसालाई इज्रेलीहरूलाई कनानतिर अगुवाइ गर्न नदिनुभएको कारणले उहाँले इज्रेलीहरूलाई अगुवाइ गर्न अर्कै नेता चुन्नुभयो ।

आउनुस् गन्ती २७:१८-२० र २२-२३ पद पढौं ।

[18] त्यसकारण परमप्रभुले मोशालाई भन्नुभयो, "यहोशू नूनको छोरो यी मानिसहरूका नयाँ अगुवा
हुनेछन्। ऊसित आत्माको ज्ञान छ तिम्रो हातहरू उसको शिर माथि राखेर उसलाई अगुवा झैं
नियुक्त गर। [19] तिनलाई पूजाहारी एलाजार अनि सारा मानिसहरूको अघि राख र अगुवा बनाऊ।
[20] "उसलाई अधिकार देऊ यसकारण इस्राएलका सम्पूर्ण समूदायले उसलाई सुन्ने छ।

[22] परमप्रभुको आज्ञा अनुसार मोशाले गरे। उनले यहोशूलाई इस्राएलका सारा समुदाय तथा
पूजाहारीको सम्मुख उभ्याए। [23] त्यसपछि यहोशू माथि मोशाले हात राखे अनि परमप्रभुले तिनलाई
दिनु भएको आज्ञा दिए।

- मोसाको सट्टामा इज्रेलीहरूको अगुवाइ गर्न परमेश्वरले चुन्नुभएका नयाँ अगुवा को थिए ?
- यहोशू ।

- यहोशू इज्रेलीहरूको नयाँ अगुवा बनेपछि मोसालाई परमेश्वरले कनान देख्न सकिने टाकुरामा जान भन्नुभयो ।

- पर्वतको टाकुरामा परमेश्वरले मोसालाई अब्राहाम, इसहाक, याकूब र तिनीहरूका दरसन्तानलाई दिन्छु भनी प्रतिज्ञा गर्नुभएको कनानको भूमि देखाउनुभयो ।

आउनुस् व्यवस्था ३४:१-४ पद पढौं ।

मोशा नेबो पर्वतमा चढे। मोशा मोआबमा यर्दन बेंसी भएर पस्गा पर्वतको टाकुरामा गए। यो यरीहोदेखि
यर्दन नदी पारि हो। परमप्रभुले मोशालाई गिलाददेखि दानसम्मको सबै भूमि देखाउनु भयो। [2] नप्ताली,
एप्रैम र मनश्शेको सबै भूमि, भूमध्य सागरसम्मको यहूदाको भूमि, [3] नेगेब दक्षिण भाग र खजूरका
रूखहरू भएको शहर यरीहो मैदानबाट सोअरसम्म देखाउनु भयो। [4] तब परमप्रभुले मोशालाई भन्नुभयो,
"यही भूमि हो मैले अब्राहाम, इसाहक अनि याकूबलाई दिन्छु भनी प्रतिज्ञा गरेको थिएँ। मैले तिनीहरूको
भावी सन्तानलाई दिन्छु भनेको थिएँ। तिमीलाई मैले यी भूमि आफ्नै आँखाले हेर्न दिएँ तर तिमी त्यहाँ
जान पाउने छैनौ।"

- किनभने मोसाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे, त्यसैले परमेश्वरले मोसालाई कनानको भूमिमा जान दिनुभएन ।

- के परमेश्वरले उहाँको वचन कायम राख्नुभयो र मोसालाई कनानमा जान दिनुभएन ?

- कायम राख्नुभयो ।

- परमेश्वर जहिल्यै उहाँका प्रतिज्ञाहरू कायम राख्नुहुन्छ ।
- परमेश्वर कहिल्यै पनि उहाँका प्रतिज्ञाहरू भङ्ग गर्नुहुँदैन ।

आउनुस् व्यवस्था ३४:५ पद पढौं ।

5 तब परमप्रभुले भन्नु भए जस्तै परमप्रभुका दास मोशा मोआब देशमा मरे।

- मोसा मरेपछि परमेश्वरले यहोशूसँग कुरा गर्नुभयो ।

- परमेश्वरले यहोशूलाई कनानको भूमिमा प्रवेश गर्ने तयारी गर्न भन्नुभयो ।

आउनुस् यहोशू १:१-२ पद पढौं ।

मोशा परमप्रभुका दास थिए। नूनका छोरा यहोशू मोशाका सहायक थिए। मोशाको मृत्यु भए पछि, परमप्रभु यहोशूसित बात गर्नुभयो। परमप्रभुले भन्नुभयो,
2 “मेरो दास मोशाको मृत्यु भयो। अब तिमी अनि यी मानिसहरू यर्दन नदी पार गरी जानु पर्छ। तिमीहरू त्यो भूमिमा अवश्यै जानु पर्छ जुन चाहि तिमीहरू इस्राएलका मानिसहरूलाई दिदैछु।

- मोसा मरेपछि येहोशूले इज्रेलीहरूलाई कनान प्रवेश गर्नको निम्ति अगुवाइ गरे ।

- के परमेश्वरले अब्राहामसँग गरेको प्रतिज्ञा कायम राख्नभयो र इज्रेलीहरूलाई कनानमा लैजानुभयो ?
- गर्नुभयो ।

- अब्राहाम, इसहाक र याकूबसँग प्रतिज्ञा गर्नुभएजस्तै परमश्वरले इज्रेलीहरूलाई कनानको भूमिमा लैजानुभयो ।

- शैतान र फारोले इज्रेलीहरूलाई मिश्रमा बधुँवा बनाउन खोजे ।

- तर परमेश्वरले इज्रेलीहरूलाई कनानको भूमि दिनेछु भनी गरेको प्रतिज्ञा कायम राख्नुभयो ।

- इज्रेलीहरूले परमेश्वरले मरुभूमिमा तिनीहरूलाई खाना र पानी दिनसक्नुहुन्छ भनी विश्वास गरेनन् ।

- तर परमेश्वरले इज्रेलीहरूलाई कनानको भूमि दिन्छु भनी गर्नुभएको प्रतिज्ञा कायम राख्नुभयो ।

- परमेश्वर सधैं उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।

- परमेश्वरले उहाँको एउटै प्रतिज्ञा पनि फिर्ता गर्नुहुन्नन ।

आउनुस् येहोशू ११:२३क पद पढौं ।

अनि यहोशूले इस्राएलका कुल समूहहरूमा ती भूमिहरू विभाजन गरे। आखिरमा, युद्ध अन्त भयो अनि त्यो भूमिमा शान्ति कायम भयो।

- इज्रेलीहरू अब कनानको भूमिमा बसोबास गर्थे ।

- यहोशू बाँचुन्जेलसम्म इज्रेलीहरूले परमेश्वरलाई याद गरिरहे ।

आउनुस् न्यायकर्ता २:७ पद पढौं ।

7 इस्राएलीहरूले परमप्रभुको सेवा यहोशू जीवित रहेसम्म गरे अनि उसको मृत्यु पछि पनि जब सम्म बूढा प्रधानहरू रहिरहे। यी बूढा प्रधानहरूले इस्राएलका मानिसहरूका निम्ति परमप्रभुले गर्नु भएको सम्पूर्ण महान कुराहरू देखेका थिए।

- केही कालपछि यहोशू बूढा भए र मरे ।

आउनुस् न्यायकर्ता २:८-९ पद पढौं ।

8 नूनका छोरा, परमप्रभुका सेवक यहोशूको एक सय दश बर्षको उमेरमा मृत्यु भयो। 9 इस्राएलका
मानिसहरूले यहोशूलाई दफन गरिदिए। तिनीहरूले यहोशूलाई त्यो भूमिमा गाडिदिए जुन तिनलाई दिइएको थियो। त्यो तिम्नात-हेरेसमा गाशपर्वतको उत्तरतर्फ एप्रैमको पहाडी देशमा थियो।

- जबसम्म यहोशू जीवितै थिए इज्रेलीहरूले परमेश्वरको याद गरे ।

- यहोशू मरेपछि इज्रेलीहरूले के गरे ?

आउनुस् न्यायकर्ता २:१०-१३ पद पढौं ।

10 त्यसपछि त्यो सम्पूर्ण पुस्ताको मृत्यु भयो, अर्को पुस्ता बढेर आयो। यो नयाँ पुस्ताले परमप्रभुको
विषयमा अनि परमप्रभुले इस्राएलका मानिसहरूका निम्ति गर्नु भएको कुराहरू जान्दैनथ्यो।
11 यसकारण इस्राएलका मानिसहरूले परमेश्वरसितको तिनीहरूको करार झूटा देवता बालको सेवा
गरेर तोडिदिए। 12 परमप्रभुले इस्राएलका मानिसहरूलाई मिश्रदेशबाट बाहिर ल्याउनु भएको थियो।
अनि यी मानिसहरूका पिता-पुर्खाहरूले परमप्रभुलाई आराधना गरेका थिए। तर इस्राएलका
मानिसहरूले परमप्रभुको अनुशरण गर्न छोडिदिए। इस्राएलका मानिसहरूले तिनीहरूका वरिपरि
बस्ने मानिसहरूका झूटा देवताहरूको पूजा गर्न शुरू गरे। त्यसले परमप्रभुलाई क्रोधित तुल्यायो।
13 इस्राएलका मानिसहरूले परमप्रभुको आराधना अनुशरण गर्न छोडे र बाल र अश्तारोतको पूजा
गर्न थाले।

- यहोशू मरेपछि इज्रेलीहरूले परमेश्वरलाई इन्कार गरे र धेरै अधर्मी भए ।

- यहोशू मरेपछि इज्रेलीहरूले मूर्तिहरू बनाए र त्यसैलाई पूज्न सुरू गरे ।

- इज्रेलीहरूसँग छेउछाउमा बस्ने मानिसहरूले बाल र अस्तोरेत नाउँ गरेका देवताहरूका मूर्ति बनाएर पूजा गर्थे ।

- किनभने इज्रेलीहरू परमेश्वरलाई इन्कार गरे त्यसैले तिनीहरूले पनि बाल र अस्तोरेतका मूर्तिहरूलाई पूजा गरे ।

- इज्रेलीहरूलाई छल गर्ने को थियो जसले गर्दा तिनीहरूले परमेश्वरलाई बिर्सिएर मूर्तिपूजा गर्न थाले ।
- शैतान ।

- शैतानले मानिसहरूलाई छल गर्‍यो र तिनीहरूलाई लाग्यो तिनीहरू परमेश्वरलाई नै पूजिरहेका थिए ।

- तर मानिसहरूले परमेश्वरलाई पूजिरहेका थिएनन् ।

- मानिसहरूले शैतानलाई पूजिरहेका थिए जो बाल र अस्तोरेतको मूर्तिमा आफुलाई छुपाइरहेको थियो ।

- जसरी शैतानले आदम र हव्वालाई छल गर्न आफूलाई सर्पमा लुकाएको थियो त्यसैगरी इज्रेलीहरूलाई छल गर्न शैतानले आफूलाई बाल र अस्तोरेतका मूर्तिमा लुकाएको थियो ।

- शैतानले आफूलाई भूतात्माहरूमा पनि लुकाएको थियो ।

- मानिसहरूलाई जब तिनीहरू भूतात्माहरूलाई पूजा गर्छन् तब परमेश्वरलाई पूजिरहेका छौं भन्ने भान पर्छ ।

- तर तिनीहरूले परमेश्वरलाई पूजिरहेका हुँदैनन् तिनीहरू केवल शैतानलाई पूजिरहेका हुन्छन् ।

- यदि हामीले परमेश्वरभन्दा बाहेकको अरू थोकलाई पूजिरहेका हुन्छौं भने हामी कसको पूजा गरिरहका हुन्छौं ?
- शैतानको ।

- शैतान किन मानिसहरूलाई मूर्तिहरू पूज्नतिर अगुवाइ गरिरहेको हुन्छ ?

- किनभने शैतान परमेश्वरलाई घृणा गर्छ र परमेश्वरलाई कसैले पूजेको हेर्न चाहदैन ।

- किनभने शैतानले सबै मानिसलाई घृणा गर्छ र कोही मानिस पनि परमेश्वरबाट बचाइएको हेर्न चाहदैन ।

- के परमेश्वरलाई इज्रेलीहरूले बाल र अस्तोरेतको पूजा गरिरहेका छन् भन्ने थाहा थियो ?
- थाहा थियो ।

- के परमेश्वर इज्रेलीहरूसँग तिनीहरूले बाल र अस्तोरेतको मूर्तिलाई पूजेकोमा रिसाउनुभयो ?
- रिसाउनुभयो ।

- परमेश्वरले इज्रेलीहरूलाई के गर्नुभयो ?

आउनुस् न्यायकर्ता २:१४-१५ पद पढौं ।

14 परमप्रभु इस्राएलीहरूसित क्रोधित हुनुभयो। यसकारण परमप्रभुले लुटमार गर्नेहरूलाई इस्राएलीहरूमाथि आक्रमण गर्ने र सम्पति लूट्ने अनुमति दिनुभयो। परमप्रभुले तिनीहरूका वरिपरि बस्ने तिनीहरूका शत्रुहरूलाई, पराजित गर्न दिनुभयो। इस्राएलीहरूले तिनीहरू स्वयंलाई आफ्ना शत्रुहरूको आक्रमण विरूद्ध आफ्नो रक्षा गर्न सकेनन्।
15 यदि इस्राएलीहरूले तिनीहरूका छिमेकिहरूका देवताहरूको सेवा गरे, उहाँले त्यसो गर्छु भनी प्रतिज्ञा गर्नु भए जस्तै जहिले पनि इस्राएलीहरू लडाइँ गर्थे परमप्रभु तिनीहरूको विरूद्धमा रहनु हुन्थ्यो। यसकारण तिनीहरू लगातार पराजित भइरहे। इस्राएलका मानिसहरूले अनेक कष्ट पाए।

- किनभने इज्रेलीहरूले परमेश्वरको पूजा गर्न छोडिसकेका थिए तर तिनीहरूले बाल र अस्तोरेतको पूजा गर्थे त्यसैले परमेश्वरले तिनीहरूलाई दण्ड दिनुभयो ।
- मूर्तिहरूको पूजा गरेकोमा परमेश्वरले इज्रेलीहरूलाई कसरी दण्डित गर्नुभयो ?

- परमेश्वरले इज्रेलीहरूका शत्रुहरूलाई बोलाउनुभयो र तिनीहरूको बालिनाली सखाप पार्न लाउनुभयो ।

- परमेश्वरले इज्रेलीहरुका शत्रुहरूलाई बोलाउनुभयो र तिनीहरूका सबै बस्तुभाउ चोर्न लाउनुभयो ।

- परमेश्वरले इज्रेलीहरूका शत्रुहरूलाई बोलाउनुभयो र इज्रेलीहरूलाई दास बनाउन लाउनुभयो ।

- जब इज्रेलीहरूले तिनीहरूका पाप स्वीकार गरे र परमेश्वरलाई तिनीहरूलाई बचाउनुहोस् भनी आग्रह गरे त्यसपछि परमेश्वरले के गर्नुभयो ?

आउनुस् न्यायकर्ता २:१६ पद पढौं ।

[16] तब परमप्रभुले न्यायकर्ता भनिने अगुवाहरू चुन्नुभयो। यी अगुवाहरूले इस्राएलका मानिसहरूलाई तिनीहरूको सम्पत्तिहरू लाने शत्रुहरूबाट बचाए।

- जब इज्रेलीहरूले तिनीहरूका पाप स्वीकार गरे र परमेश्वरलाई तिनीहरूलाई बचाउनुहोस् भनी आग्रह गरे परमेश्वरले इज्रेलीहरूबाट लोग्नेमानिस र स्वास्नीमानिसलाई चुन्नुभयो जसले तिनीहरूका शत्रुहरूलाई पराजित गर्न इज्रेलीहरूको अगुवाइ गर्नेथिए ।

- परमेश्वरले इज्रेलीहरूबाट तिनीहरूका शत्रुहरूलाई पराजित गर्न चुन्नुभएका लोग्नेमानिस र स्वास्नीमानिसहरू के कहलाइन्थे ?
- न्यायकर्ता ।

- जबसम्म परमेश्वरले चुन्नुभएका न्यायकर्ताहरू जीवित थिए इज्रेलीहरूले परमेश्वरको आज्ञा माने ।

- तर जब परमेश्वरले चुन्नुभएका न्यायकताहरू मरे फेरि इज्रेलीहरू परमेश्वरलाई पूज्नुभन्दा मूर्तिहरूलाई पूज्नतर्फ नै फर्किए ।

आउनुस् न्यायकर्ता २:१७-१९ पद पढौं ।

[17] तर इस्राएलका मानिसहरूले आफ्ना न्यायकर्ताहरूको कुरा सुनेनन्। इस्राएलका मानिसहरू परमेश्वर प्रति विश्वासनीय थिएनन्। तिनीहरूले अन्य देवताहरूको अनुशरण गरे। अतीतमा इस्राएली मानिसहरूका पिता-पुर्खाहरूले परमप्रभुको आज्ञा पालन गर्दथे। तर अहिले इस्राएली मानिसहरू परिवर्तन भए अनि परमप्रभुको आज्ञा पालन गर्न छोडे।

[18] धेरै पल्ट इस्राएलका शत्रुहरूले मानिसहरू प्रति नरामा कुराहरू गरे। यसर्थ इस्राएलका मानिसहरूले सहायताको निम्ति विलाप गरे। परमप्रभु धेरै पल्ट मानिसहरूका निम्ति दुःखीत हुनुभयो। धेरै पल्ट उहाँले मानिसहरूलाई तिनीहरूका शत्रुहरूबाट बचाउँनको निम्ति न्यायकर्ता पठाउनु भयो। परमप्रभु सदैव ती न्यायकर्ताहरूसित हुनुहुन्थ्यो। यसरी धेरै पल्ट इस्राएलका मानिसहरूलाई तिनीहरूका शत्रुहरूबाट बचाउँनु भयो। [19] तर जब हरेक न्यायकर्ताको मृत्यु हुन्थ्यो, इस्राएलका मानिसहरू फेरि पाप गर्न अनि असत्य देवताहरूको पूजा गर्न शुरू गर्थे। इस्राएलका मानिसहरू अति हठ्ठी थिए। तिनीहरूले आफ्ना कु-कर्म छोडन् अस्वीकार गरे।

- पापको निम्ति परमेश्वरले इज्रेलीहरूलाई दण्डित गर्नुभए तापनि परमेश्वरले अझै तिनीहरूलाई प्रेम गर्नुभयो र तिनीहरूको सुरक्षा गर्नुभयो ।

- परमेश्वरले अझै किन इज्रेलीहरूलाई प्रेम गर्नुभयो र तिनीहरूको सुरक्षा गर्नुभयो ?

- किनभने परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग तिनीहरूका धेरै दरसन्तानहरू हुनेछन् र तिनीहरू महान् मानिसहरू हुनेछन् भनेर प्रतिज्ञा गर्नुभएको थियो ।

- किनभने परमेश्वरले इज्रेलीहरूका पुस्ताहरूबाट उद्धारकर्ता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- किनभने परमेश्वरले उहाँको सन्देश, बाइबललाई इज्रेलीहरूद्वारा पठाउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- परमेश्वर उहाँको वचन सबैजनाले सुनून् भन्ने चाहनुहुन्छ ताकि तिनीहरु बचाइऊन् ।

- इज्रेलीहरूको अन्तिम न्यायकर्ता को थिए ?
- शमुएल ।

- शमुएल धेरै वर्षसम्म इज्रेलीहरूका न्यायकर्ता बने ।

- जब शमुएल बृद्ध भए तिनको ठाउँ लिनलाई कोही पनि  थिएन किनभने शमुएलका छोराहरूले परमेश्वरमा विश्वास गर्दैनथे ।

आउनुस् १ शमुएल ८:१-३ पद पढौं ।

शमूएल जब वृद्ध भए, तिनले आफ्ना छोराहरूलाई इस्राएलका न्यायकर्त्ता नियुक्त गरे। [2] शमूएलका जेठा छोराको नाउँ योएल थियो। माहिला छोराको नाउँ चाहिं अबियाह थियो। योएल र अबियाह बेर्शबामा न्यायकर्ता थिए। [3] तर शमूएलका छोराहरू बाबुको चालमा हिडेनन् योएल र अबियाहले घूस खाने गर्थे। चुपचाप घूस लिएर न्यायलयमा अन्याय गर्थे।

- किनभने शमुएल धेरै बूढा भए र तिनको ठाउँ लिने कोही पनि नभएको कारणले इज्रेलीहरू आपसमा भेला भए र शमुएललाई भेट्न हिँडे ।

आउनुस् १ शमुएल ८:४-६ पद पढौं ।

[4] यसर्थ इस्राएलका सबै बूढा-प्रधानहरू शमूएललाई भेट्न रामामा भेला भए। [5] बूढा-प्रधानहरूले शमूएललाई भने, "तपाईं बूढा हुनुभयो, तपाईंका छोराहरू तपाईं जस्ता ठीक बाटामा छैनन्। अब, हामीलाई शासन अनि न्याय गर्ने अरू देशहरूको जस्तै राजा दिनुहोस्।"

[6] यसरी बूढा-प्रधानहरूले तिनीहरूलाई मार्ग दर्शन गर्ने एउटा राजा मागे। शमूएलले ठाने यो युक्ति गलत छ। यसर्थ शमूएलले परमप्रभुमा प्रार्थना गरे।

- शमुएल मर्नुभन्दा पहिले इज्रेलीहरूले शमुएललाई के गर्नुहोस् भनी आग्रह गरे ?

- इज्रेलीहरूले शमुएललाई तिनीहरूको अगुवाइ गर्न एकजना राजा छान्नुहोस् भने ।

- यो कुराले शमुएललाई किन दुखी बनायो ।

- शमुएल दुखी बने किनभने इज्रेलीहरूले परमेश्वरलाई तिनीहरूका राजाका रूपमा स्वीकार गर्न इन्कार गरेका थिए ।

- इज्रेलीहरू मिश्रबाट पठाइनेबेलामा तिनीहरूका राजा को थिए ?
- परमेश्वर ।

- इज्रेलीहरू मरुभूमिको बाटोमा हिँड्दा अगुवाइ गर्ने तिनीहरूका राजा को थिए ?
- परमेश्वर ।

- इज्रेलीहरूलाई मरुभूमिमा खाना र पानी दिने तिनीहरूका राजा को थिए ?
- परमेश्वर ।

- इज्रेलीहरूलाई कनानको भूमि दिने तिनीहरूका राजा को थिए ?
- परमेश्वर ।

- धेरै कालसम्म परमेश्वर नै इज्रेलीहरूका राजा बन्नुभयो ।

- इज्रेलीहरूलाई मिश्रीहरूको बँधुवा मजदूरबाट मुक्त गर्ने समयमा परमेश्वर तिनीहरूका राजा हुनुहुन्थ्यो ।

- तर अब भने इज्रेलीहरू परमेश्वरलाई राजा मान्न चाहिरहेका थिएनन् ।

- इज्रेलीहरू तिनीहरूका छेउछाउमा बस्ने अरू अधर्मी जातिहरूजस्तै बन्न चाहिरहेका थिए र एकजना मानिसलाई राजा तुल्याउन चाहन्थे ।

- इज्रेलीहरू परमेश्वरलाई तिनीहरूका राजाका रूपमा अस्वीकार गरिरहेका थिए ।

- यहाँ परमेश्वरले शमुएललाई के भन्नुभयो भन्नेकुरा लेखिएको छ ।

आउनुस् १ शमुएल ८:७-८क पद पढौं ।

[7] शमूएललाई परमप्रभुले भन्नुभयो, "मानिसहरूले जसो भन्छन् त्यसै गर। तिनीहरूले तँलाई अस्वीकार गरेका छैनन्। बरू मलाई अस्वीकार गर्दैछन्। तिनीहरूले मलाई तिनीहरूको राजा हुन अस्वीकार गरिरहेका छन्। [8] तिनीहरूले सधैँ जे गर्थे त्यही गर्दैछन्।

- परमेश्वरले शमुएललाई के भन्नुभयो ?

- परमेश्वरले शमुएललाई इज्रेलीहरूले शमुएललाई इन्कार गरिरहेका होइनन् भन्नुभयो ।

- परमेश्वरले शमुएललाई इज्रेलीहरूले राजा मागेर परमेश्वरलाई राजा मान्न इन्कार गरेका हुन् भन्नुभयो ।

- के परमेश्वरले इज्रेलीहरूलाई राजा दिनुभयो ?

आउनुस् १ शमुएल ११:१४-१५ पद पढौं ।

[14] त्यसपछि शमूएलले मानिसहरूलाई भने, "आऊ, हामी गिलगाल जाऔँ। गिलगालमा हामी शाऊललाई फेरि राजाकोरूपमा घोषणा गरौं।"

[15] यसरी सबै गिलगाल गए। त्यहाँ परमप्रभुको अगाडि शाऊललाई मानिसहरूले राजा बनाए। तिनीहरूले परमप्रभुलाई मेलबलि पनि चढाए। शाऊल र सबै इस्राएलीहरूले ठूलो हर्षमा उत्सव मनाए।

- यद्यपि इज्रेलीहरूले परमेश्वरलाई तिनीहरूका राजाका रूपमा अस्वीकार गरे तर पनि परमेश्वरले तिनीहरूलाई राजा दिनुभयो ।

- तिनको नाउँ शाउल थियो ।

- इज्रेलीहरूका प्रथम राजा शाउल थिए ।